नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७७।०४।१९**

राजस्व अनुसन्धान कार्यालय बुटवलबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत तुल्सीपुर बुटवलमा मिति २०७८।०४।१८ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः** जिल्ला रुपन्देही, सिद्धार्थनगर न.पा. वडा नं. ९ रुपन्देही स्थायी ठेगाना भएका एभरेष्ट मोवाइल सेन्टर (स्था.ले.नं. ३०३५२४७६०) का प्रोपराइटर वर्ष ३५ का विष्णु ज्ञवाली ।

२. **कसुरको संक्षिप्त विवरणः** फर्ममा रहेका मोबाईलजन्य मालवस्तुहरुको भौतिक गणना गर्दा देखिएको मौज्दात र बिक्रीको विवरण फरक देखिएको, निजले पेश गरेको वित्तीय विवरण र आय विवरणमा बिक्री आय लुकाएको, मालवस्तु विक्री गर्दा बिल बिजक जारी नगरी न्यून मौज्दात देखाएको र भन्सार चोरी पैठारी गरी मालवस्तुको अधिक मौज्दात देखाई निज प्रतिवादीले अवैध (लुज) बिल बिजकबाट मालवस्तु खरिद र बिक्री गरी वास्तविक बिक्री आय लुकाएको, बिल बिजक जारी नगरी मालवस्तु बिक्री गरिएको तथा भन्सार चोरी पैठारी गरी राजस्व चुहावट गरेको पाईएको।

३. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क), (ख) र (झ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) बमोजिम आ.व.२०७३/०७४ देखि २०७५/०७६ सम्मको अवैध (लुज) बिलबाट कायम गरिएको बिक्रीतर्फ कायम कुल बिगो रु.५,०५,७२,७९२।-, न्यून मौज्दाततर्फ कायम बिगो रु.८६,४५,०६८।- तथा अधिक मौज्दाततर्फ कायम भएको रु.१४,८०,८९४।- समेत गरी जम्मा रु.७,५०,८६,१०३।- बिगो कायम गरी प्रतिवादीबाट रु.७,५०,८६,१०३।- मध्ये अधिक मौज्दातमा भएका मालवस्तुको हुन आउने थोक मूल्य रु.१३,१०,५२७।- घटाउँदा हुन आउने **रु. ७,३७,७५,५७६।- (अक्षेरुपी सात करोड सैतिस लाख पचहत्तर हजार पाँच सय छयहत्तर रुपैंया)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०५२ को दफा २३(१) बमोजिम निजबाट विगो **रु. ७,३७,७५,५७६।-** असुल गरी सोही ऐनको दफा २३(१) बमोजिम कायम भएको विगोको शत प्रतिशत **रु. ७,३७,७५,५७६।-** जरिवाना तथा दफा २३(१)(ग) बमोजिम हदैसम्मको ३ वर्षसम्म कैद सजायको मागदावी गरी यो अभियोग पत्र दायर गरिएको छ ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | विष्णु ज्ञवाली | ७,३७,७५,५७६।- | ७,३७,७५,५७६।- | **१४,७५,५१,१५२।-** |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**